सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
धनगढी, कैलाली, नेपाल

# रेडियो, एफ. एम. अनुदान वितरण कार्यविधि, २०८०

<u>प्रस्तावना:</u> सुदूरपश्चिम प्रदेशभित्र सञ्चालनमा रहेका रेडियो, एफ.एम. को भौतिक अवस्था र प्रविधि विकास गरी सूचना तथा सञ्चार क्षेत्रलाई सुदृढ, सक्षम एवं सबल बनाउनका लागि रेडियो, एफ.एम.लाई अनुदान रकम उपलब्ध गराउने कार्य व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "रेडियो, एफ.एम. अनुदान वितरण कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान रकम" भन्नाले मन्त्रालयबाट छनौट भएका रेडियो, एफ.एम.लाई दिइने पुँजीगत अनुदान रकम सम्झनु पर्दछ।

(ख) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनु पर्दछ।

(घ) "मूल्याङ्कन तथा सिफारिस समिति" भन्नाले दफा ६ बमोजिम गठित सिफारिस समिति सम्झनु पर्दछ।

## परिच्छेद-२

## अनुदान सम्बन्धी व्यवस्था

३. रेडियो, एफ.एम. अनुदान सम्बन्धी व्यवस्था: (१) प्रदेशभित्र सञ्चालनमा रहेका रेडियो, एफ.एम.को भौतिक अवस्था र प्रविधि विकासका लागि अनुदान वितरण गरिनेछ।

(२) रेडियो, एफ.एम.लाई दफा ४ बमोजिमको अनुदान रकम उपलब्ध गराइनेछ।

(३) आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा अनुदान प्रदान गरिएको रेडियो, एफ.एम.लाई आर्थिक वर्ष २०७९/८० मा अनुदान वितरण गरिने छैन।



मा. पृथ्वी बहादुर सिंह
मन्त्री

४. <u>अनुदान रकमको सीमा:</u> यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकमको सीमा देहाय बमोजिम रहेको छः-

(क) १०० वाट सम्मको क्षमता भएको रेडियो, एफ.एम. लाई बढीमा साठी हजार रुपैंया सम्म,

(ख) २५० वाट सम्मको क्षमता भएको रेडियो, एफ.एम.लाई बढीमा असी हजार रुपैंया सम्म,

(ग) ५०० वाट सम्मको क्षमता भएको रेडियो, एफ.एम.लाई बढीमा एक लाख रुपैंया सम्म,

(घ) १००० वाट सम्मको क्षमता भएको रेडियो, एफ.एम.लाई बढीमा एक लाख पच्चीस हजार रुपैंया सम्म।

५. <u>अनुदान प्राप्त गर्ने कार्यविधि:</u> (१) मन्त्रालयले दश दिनको समयावधि दिई प्रस्ताव आव्हानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट प्रकाशित सूचना मन्त्रालयको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(३) प्रदेशभित्र सञ्चालनमा रहेका अनुदान लिन चाहने रेडियो, एफ.एम.ले अनुसूची-१ बमोजिमको ढाँचामा उपदफा (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र देहायको कागजात संलग्न गरी मन्त्रालयमा निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानूनबमोजिम रेडियो, एफ.एम. दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) रेडियो, एफ.एम. सञ्चालन सम्बन्धी इजाजतपत्र र इजाजतपत्र नविकरण गरेको प्रमाण,

(घ) नियमित प्रसारण भएको एक वर्ष पुगेको देखिने कागजात,

(ङ) रेडियो, एफ.एम.को स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(च) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,

(छ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) नियमित प्रसारणमा रहेको देखिने प्रमाण,

(झ) संचालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(ज) रेडियो, एफ.एम.को विधान/प्रवन्धपत्र, भौतिक संरचना, उपकरण, प्रसारण क्षेत्र, जनशक्ति तथा आर्थिक विवरण समेत समेटेको प्रस्ताव,



मा. पृथ्वी बहादुर सिंह
मन्त्री

## परिच्छेद-३

## मूल्याङ्कन सम्बन्धी व्यवस्था

६. मूल्याङ्कन तथा सिफारिस समितिः (१) दफा ५ को उपदफा (३) बमोजिम प्राप्त भएको निवेदनको छानविन गरी अनुदान उपलब्ध गराउन मन्त्रालयलाई सिफारिस गर्न देहायको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः-

(क) सञ्चार समन्वय महाशाखा प्रमुख, मन्त्रालय - संयोजक
(ख) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय - सदस्य
(ग) कानुन अधिकृत, मन्त्रालय - सदस्य
(घ) अध्यक्ष, नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश - सदस्य
(ङ) अध्यक्ष, सामुदायिक रेडियो प्रसारक नेपाल संघ (ACORAB), सुदूरपश्चिम प्रदेश - सदस्य
(च) अध्यक्ष, ब्रोडकाष्टिङ एसोसिएसन अफ नेपाल (BAN), सुदूरपश्चिम प्रदेश - सदस्य
(छ) अधिकृत, सूचना समन्वय तथा प्रशारण शाखा - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले रेडियो, एफ.एम.बाट प्राप्त कागजातको अध्ययन गरी तुलनात्मक मूल्याङ्कन विवरण बनाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरणको आधारमा रेडियो, एफ.एम.ले पाउने अनुदान रकम सिफारिस गर्नु पर्नेछ।

७. मूल्याङ्कनका आधारहरुः (१) अनुदान प्राप्त गर्नका लागि रेडियो, एफ.एम. छनौट गर्दा तुलनात्मक रुपमा उत्कृष्ट काम गरिरहेका, नियमित रुपमा प्रसारण गरिरहेका, यसअघि यस मन्त्रालयबाट अनुदान नपाएका रेडियो, एफ.एम.लाई प्राथमिकतामा राखी छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) का अतिरिक्त समितिले छनौट गर्दा देहायका आधारहरु लिनु पर्नेछः-

(क) पेश गरिएको प्रस्ताव,

(ख) रेडियो, एफ.एम. प्रसारण भएको अवधि,

(ग) रेडियो, एफ.एम.को फ्रिक्वेन्सी क्षमता,

(घ) रेडियो, एफ.एम.को जनशक्ति,

(ङ) प्रसारण क्षेत्र ।

मा. पृथ्वी बहादुर सिंह
मन्त्री

८. <u>अनुदान छनौटः</u> (१) दफा ६ को उपदफा (३) बमोजिम सिफारिस भएका रेडियो, एफ.एम.लाई मन्त्रालयले अनुदानका लागि छनौट गर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम छनौट भएका रेडियो, एफ.एम.को नामावली र अनुदान रकम सहितको विवरण वेवसाइटमा राखु पर्नेछ।

९. <u>अनुदान सम्झौता गर्नुपर्नेः</u> दफा ८ बमोजिम छनौट भएका रेडियो, एफ.एम.सँग मन्त्रालयले अनुसूची-२ बमोजिम सम्झौता गरी अभिलेख राखु पर्नेछ।

## परिच्छेद-४

## भुक्तानी

१०. <u>भुक्तानी प्रक्रियाः</u> (१) अनुदान रकम रेडियो, एफ.एम.को नाममा रहेको बैंक खातामार्फत भुक्तानी गरिनेछ।

(२) रेडियो, एफ.एम. ले सामग्री खरीद वा निर्माण गरेको बिल बिजक पेश गरेपछि मन्त्रालयले अनुदान रकम भुक्तानी गर्नेछ।

## परिच्छेद-५

## विविध

११. <u>अनुदान प्राप्त गर्ने रेडियो, एफ.एम.को दायित्वः</u> (१) अनुदान प्राप्त गर्ने रेडियो, एफ.एम.ले श्रमजीवी पत्रकार सम्वन्धी ऐन, २०५१ र श्रमजीवी पत्रकारसम्बन्धी नियमावली, २०५३ को पूर्ण पालना गर्नु पर्नेछ।

(२) विज्ञापन आचारसंहिता र पत्रकार आचारसंहिता पालना गर्नु पर्नेछ।

१२. <u>अनुगमनः</u> (१) रेडियो, एफ.एम.लाई वितरण गरिएको अनुदान रकम प्रस्तावमा उल्लेख भएको प्रयोजनका लागि प्रयोग भए नभएको सम्वन्धमा मन्त्रालयले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) रेडियो, एफ.एम.ले उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१३. <u>लेखा राख्ने तथा प्रतिवेदन पेश गर्नेः</u> (१) रेडियो, एफ.एम. सम्वन्धी अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राखु पर्नेछ।

(२) अनुदान रकम प्रस्तावमा उल्लिखित उद्देश्य तथा प्रयोजनको लागि खर्च गर्नु पर्नेछ।

(३) रेडियो, एफ.एम.ले प्राप्त गरेको अनुदान रकमबाट सम्पन्न गरेको कामको कार्यसम्पादन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

मा. पृथ्वी बहादुर सिंह
मन्त्री

(४) रेडियो, एफ.एम.ले कानुन बमोजिम कर चुक्ता गरेको हुनु पर्नेछ।

१४. <u>झुट्ठा विवरण पेश गर्नेलाई कारबाही:</u> झुट्ठा विवरण पेश गरी अनुदान लिने रेडियो, एफ.एम.लाई कारबाही गरी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

मा. पृथ्वी बहादुर सिंह
मन्त्री

<u>अनुसूची-१</u>

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित

अनुदान प्राप्त गर्न चाहने रेडियो, एफ.एम.ले पेश गर्नुपर्ने प्रस्तावको ढाँचा (२ पृष्ठमा नबढाई)

(क) रेडियो, एफ.एम.को नामः

सम्पर्क नं.

(ख) ठेगानाः

(ग) अनुदानको नामः

(घ) प्रस्तावित अनुदानको संक्षिप्त विवरणः

(ङ) उद्देश्यः

(च) कार्यसम्पन्न अवधिः

(छ) जनशक्तिको विवरणः

(ज) भौतिक संरचना (उपकरण सहितको विवरण):

(झ) रेडियो एफ.एम.को क्षमता र प्रसारण क्षेत्रः

(ञ) अनुभवः

(ट) अनुमानित कूल रकमः

१. मन्त्रालयवाट माग गरेको अनुदानः

२. रेडियो एफ.एम. आफैंले व्यहोर्ने रकमः

प्रस्ताव प्रस्तुतकर्ता

मा. पृथ्वी बहादुर सिंह
मन्त्री

अनुसूची-२

(दफा ९ सँग सम्बन्धित)

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेश र ....................................रेडियो, एफ.एम. बीच भएको सम्झौतापत्र

आन्तरिक मामिला तथा कानुन मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र ................................................ (यसपछि दोस्रो पक्ष भनिने) विच आ.ब. ........................ मा रेडियो, एफ. एम.हरुलाई अनुदान वितरण गर्ने कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराउने प्रयोजनका लागि तपशिलका शर्तनामाहरुको अधिनमा रहने गरी द्विपक्षीय सम्झौता गरिएको छ।

शर्तनामाहरु:-

१. प्रथम पक्षले यस सम्झौता बमोजिमको कार्यक्रम सञ्चालनका लागि जम्मा अनुदान रकम रु. ........................।- (अक्षरेपि .............................. मात्र) प्रदान गर्नेछ।
२. दोस्रो पक्षले प्रस्तावमा उल्लेख गरे बमोजिम कार्यको लागि अनुदान रकम खर्च गर्नु पर्नेछ।
३. प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ।
४. दोस्रो पक्षले अनुदान रकमको खर्च गरी बिल भरपाई पेश गरेपछि प्रथम पक्षले रकम भुक्तानी गर्नेछ।
५. दोस्रो पक्षले मिति ............ साल असार १५ गते भित्र अनिवार्य रुपले प्रस्ताव बमोजिमको कार्य सम्पन्न गरी बिल भरपाई र खर्चको फाँटवारी मन्त्रालयमा पेश गरिसक्नुपर्नेछ ।
६. यस सम्झौतामा रहेका शर्तहरु दुबै पक्षको सहमतिमामा थपघट गर्न सकिनेछ र अन्य कुराहरु प्रदेश कानुन बमोजिम हुनेछ ।

प्रथम पक्षको तर्फबाट
नामः-
पदः-
मितिः-
छापः

दोश्रो पक्षको तर्फबाट
नामः-
पदः-
मितिः-
छापः

मा. पृथ्वी बहादुर सिंह
मन्त्री